# आ. व.२०८१/०८२, मिति २०८१/१०/२८ गते, गाउँ कार्यपालिका बैठकका

**प्रस्तावहरु :**

१. संघीय विशेष र समपुरक अनुदान सम्बन्धमा ।

२. सडक बोर्डको साझेदारी बजेट/कार्यक्रम सम्बन्धमा ।

३. विद्युत विस्तार ठेक्का सम्बन्धमा ।

४. हिउँदे गाउँ सभा सम्बन्धमा ।

५. बजेट/कार्यक्रमको शीर्षक संशोधन तथा रकमान्तर सम्बन्धमा ।

६. सेतिकम हुँदै नेटासम्म सडक बाटो ठेक्का सम्बन्धमा ।

७. हुलाक कार्यालयको निवेदन सम्बन्धमा ।

८. आ.व. २०८२।०८३को लागि सुस्वा परियोजना मार्फत सञ्चालन गरिने कार्यक्रम सम्बन्धमा ।

९. कक्षा ८ को परीक्षा व्यवस्थापन तथा संचालन समिति गठन सम्बन्धमा ।

१०. तलब सम्बन्धमा ।

११. उद्यम विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१२. आँखा शिविर सम्बन्धमा ।

१३. लागुऔषध दुर्व्यसन नियन्त्रण, साईवर अपराध आत्महत्या न्युनीकरण तथा बाल विवाह सम्बन्धी विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम सम्बन्धमा ।

१४. शान्ति बजार मर्म खोलामा कलबाट पुल निर्माण सम्बन्धमा ।

## आ.व.२०८१/०८२, मिति २०८१/१०/२८ गते, गाउँ कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय १ :** राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ गतेको आ.व. २०८२।०८३ का लागि संघीय समपूरक र संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्तावना माग भएकोले तपसिल बमोजिमको प्राथमिकीकरणको आधारमा यस गाउँपालिकाबाट आयोजना/कार्यक्रमहरु आवश्यक कागजातहरु सहित माग गर्ने ।

**तपसिल**

**समपूरक तर्फ**

| प्राथमिकीकरण | आयोजनाको नाम | गाउँपालिकाको साझेदारी बजेट | राष्ट्रिय योजना आयोगको साझेदारी बजेट | जम्मा बजेट | कार्यन्वयन हुने अवधि |
|---|---|---|---|---|---|
| १ | नेटाबजार देखि गुरुदासे हुँदै चिनाली मोटरबाटो स्तरोन्नति | ४० लाख (२०%) | १ करोड ६० लाख (८०%) | २ करोड | २ बर्ष |
| २ | भेरी मा. वि. टाट्के ६ कोठे भवन निर्माण | ४० लाख (२०%) | १ करोड ६० लाख (८०%) | २ करोड | २ बर्ष |
| ३ | मर्मपरिकाँडा स्वास्थ्य चौकी | २० लाख (२०%) | ८० लाख (८०%) | १ | १ बर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | भवन निर्माण | | | करोड | |

**विशेष तर्फ**

| प्राथमिकीकरण | आयोजनाको नाम | राष्ट्रिय योजना आयोगको साझेदारी बजेट | जम्मा बजेट | कार्यन्वयन हुने अवधि |
|---|---|---|---|---|
| १ | सिस्नेरी देखि गाउँपालिका क्षेत्र तिर खानेपानी आयोजना | १ करोड ६० लाख | १ करोड ६० लाख | २ बर्ष |
| २ | भेरी स्यानीजिमाली खोला खानेपानी आयोजना | २ करोड | २ करोड | ३ बर्ष |
| ३ | भण्डारखोला लिफ्ट खानेपानी आयोजना | २ करोड | २ करोड | २ बर्ष |
| **क्रमागत** | | | | |
| १ | नैनथाला खानेपानी आयोजना | १ करोड | १ करोड | १ बर्ष क्रमागत |

**निर्णय २ :** सडक बोर्ड नेपाल, मिनभवन काठमाडौंको मिति २०८१/०६/१३ गतेको पत्रानुसार यस गाउँपालिका अन्तर्गतको तपसिलको सडक मर्मत सम्भारका लागि सडक बोर्ड नियमावली २०६० को परिच्छेद ३ नियम ९ तथा उल्लेखित मार्गदर्शन बमोजिम जम्मा रु १५०००००।० (अक्षरेपी पन्ध्र लाख मात्र) को बजेट मध्ये यस गाउँपालिकाबाट समपुरक कोष (**Matching Fund**) को बीस प्रतिशत हुन आउने रकम रु ३०००००।० (अक्षरेपी तिन लाख मात्र) सुनिश्चित सहित वार्षिक कार्यकम स्वीकृत गरि कार्यान्वयन गर्ने ।

१. निगालखोला देखि बस्नेतज्युला सडक स्तरोन्नति

**निर्णय ३ :** यस गाउँपालिकामा विद्युत विस्तार ठेक्काको विषयमा आगामी कार्यपालिका बैठकबाट निर्णय गर्ने ।

**निर्णय ४ :** यस कुमाख गाउँपालिकाको आगामी १२औं गाउँ कार्यपालिका बैठक २०८१।११।०६ बस्ने र गाउँ सभा को १७औं हिउँदे अधिवेशन २०८१।११।११ गते बस्ने ।

**निर्णय ५ :** आ. व. २०८१।०८२ का लागि गाउँ सभाको १६औं अधिवेशनबाट स्वीकृत तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुको शीर्षक तथा बजेट संसोधन र रकमान्तर गरी आगामी गाउँ सभाबाट अनुमोदन गर्ने ।

**तपसिल**

| क्र. स. | पालिका/वडा/शाखा | योजना/कार्यक्रमको संसोधन गरिने शीर्षक | विनियोजित बजेट | योजना/कार्यक्रमको संसोधनबाट कायम हुने शीर्षक | बजेट संसोधन/रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद | सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार तथा कार्य सम्पादनमा आधारित अनुदान | ८०००००।० | सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार तथा कार्य सम्पादनमा आधारित अनुदान | ६०००००।० | बजेट संसोधन |
| | | | | पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड सञ्चालन तथा व्यवस्थापन | २०००००।० | नयाँ शीर्षक र रकमान्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | पशु विकास शाखा | पशुपन्छिजन्य भ्याक्सिन सुरक्षाको लागि इन्भटर ब्याट्रि तथा स्टेप्लाइजर व्यवस्थापन | २०००००।० | पशुपन्छिजन्य भ्याक्सिन सुरक्षाको लागि इन्भटर ब्याट्रि तथा स्टेप्लाइजर व्यवस्थापन | १०००००।० | बजेट संसोधन |
| | | | | शाखा र वडा प्राविधिकहरुलाई आवश्यक बर्डिज्जो मेशिन खरिद | १०००००।० | नयाँ शीर्षक र रकमान्तर |
| ३ | पालिका | पालिका खेलकुद फिल्ड निर्माण | २०००००० | पालिका खेलकुद फिल्ड निर्माण | १०६४७००।० | संसोधन |
| | | | | पालिका खेलकुद फिल्ड स्तरोन्नति | ९३५३००।० | नयाँ शीर्षक र रकमान्तर |
| ४ | १ नं वडा | कालिका आ वि देखि लाप्च्या सम्म सडक निर्माण । | २५०००००।० | खोली बजारदेखि ल्याप्चेसम्म सडक निर्माण | २५०००००।० | शीर्षक संसोधन |
| ५ | २ नं वडा | दुवारे रतुवा चाउका सडक निर्माण | ४०००००।० | मुरा ज्यूला सडक निर्माण | ४०००००।० | शीर्षक संसोधन |
| | | वडा कार्यालय व्यवस्थाप तथा गेट निर्माण | ५०००००।० | वडा कार्यालयसम्म जाने बाटो र फिल्ड स्तरोन्नति | ५०००००।० | शीर्षक संसोधन |
| ६ | ३ नं वडा | वडा कार्यालय भवन निर्माण | १५०००००।० | वडा कार्यालय भवन फिनिसिङ | १५०००००।० | शीर्षक संसोधन |
| | | रागेचौर देखि वडा कार्यालयसम्म सडक निर्माण | १००००००।० | रागेचौर देखि वडा कार्यालयसम्म सडक मर्मत तथा स्तरोन्नति | १००००००।० | शीर्षक संसोधन |
| ८ | ४ नं वडा | परीआला पिपलबोट देखि टाटा सम्म सिचाई कुलो निर्माण | २०००००।० | काठे छापा टयाङ्कीसम्म सिचाई कुलो निर्माण | २००००००। | शीर्षक संसोधन र थप |
| ९ | | बस्नेतखालिमा चौतारा निर्माण | २०००००।० | टिकाचौर जिरो पोइन्ट देखि आदर्श आ वि सम्म सडक | २०००००।० | शीर्षक संसोधन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | निर्माण | | |
| १० | | ज्यामिरे खोला सिचाई कुलो निर्माण | ३०००००।० | ज्यामिरे खोला पाइप लाईन विस्तार | ३०००००।० | शीर्षक संसोधन |
| ११ | | अरनिको मा वि कोटनाउला लिफ्ट खानेपानी निर्माण | १०००००।० | जारेगारे देखि खर्क डाँडा लिफ्ट खानेपानी निर्माण | १०००००।० | रकमान्तर |
| १२ | ५ नं. वडा | विपत व्यवस्थापन, राहात, उद्धार खर्च | १५००००।० | विपद् व्यवस्थापन, राहात, उद्धार खर्च | ५००००।० | बजेट संसोधन |
| | | | | गा पा अध्यक्षकप खेलकुद प्रतियोगिता वडाका खेलाडिहरुलाई खर्च व्यवस्थापन | ५००००।० | रकमान्तर |
| | | | | विविध खर्च | ५००००।० | नयाँ शीर्षक र रकमान्तर |
| १३ | | सरस्वती प्रा.वि. देखि सिमलचौर ठुलापाखा हुँदै आग्रापाखा सडक निर्माण | ३०००००।० | सरस्वती मा.वि. पिपल चौतारा निर्माण | १०००००।० | शीर्षक र बजेट संसोधन तथा रकमान्तर गरी नयाँ शीर्षक कायम |
| | | | | बाउनथला अलैचीबारी दमारा सडक स्तरोन्नती | २०००००।० | शीर्षक र बजेट संसोधन तथा रकमान्तर गरी नयाँ शीर्षक कायम |
| १४ | ६ नं. वडा | कालिका आ.वि. कुमाख ६ सल्यान | १५०००००।० | कालिका आ.वि. सेरागाउँ गेट तथा घेरवार निर्माण | १५०००००।० | शीर्षक संसोधन |
| १५ | | विष्णुपुर चिसाखोला भट्टचौर खानेपानी योजना कुमाख ६ सल्यान | १२०००००।० | हिलेधारा बाहुनगाउँ स्वास्थ्य भवन खानेपानी निर्माण तथा मर्मत सम्भार | १२०००००।० | शीर्षक संसोधन डुप्लिकेशन भएको |
| १६ | | कालिका आ.वि. वडाचौर फिल्ड निर्माण, घेरावार, भवन रङ्गरोगन | ४०००००।० | कालिका आ.वि. भवन रङ्गरोगन, ग्रिल, गेट तथा फिल्ड निर्माण | ४०००००।० | शीर्षक संसोधन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | | खोला पानी खानेपानी मर्मत गैरागाउँ | २०००००।० | बुद्ध जनकल्याण मा वि लिप्ट खानेपानीको मोटर खरिद | २०००००।० | बजेट संसोधन गरी अर्को शीर्षकमा थप रकमान्तर |
| १८ | | महिला सिपमुलक कार्यक्रम | २०००००।० | चार स्थानमा महिला सामुदायिक भवन निर्माण | २०००००।० | शीर्षक संसोधन |
| १९ | ७ नं. वडा | ठुलोखोला पिपल रुख देखि चामखाली सम्म गोरेटो बाटो सोलिङ्ग | १५००००।० | विविध खर्च | ५००००।० | नयाँ शीर्षक तथा बजेट संसोधन |
| | | | | वडा कार्यालय तला थप निर्माण | ७०००००।० | बजेट तथा शीर्षक संसोधन गरी नयाँ शीर्षक कायम र रकमान्तर |
| २० | | बन्चरे पुछार देखि पैयाखोला तल्लो बस्ती खानेपानी निर्माण | ३०००००।० | | | |
| २१ | | वडा कार्यालय घेराबार तथा खानेपानी निर्माण | ३०००००।० | | | |
| २२ | | इन्धन - अन्य प्रयोजन | ९२०००।० | इन्धन तथा मर्मत खर्च | ९२०००।० | शीर्षक संसोधन |
| २३ | | तारजाली खरिद | ५०००००।० | महेन्द्र मा वि जिमालीमा सडक तथा पर्खाल निर्माण | ५०००००।० | शीर्षक संसोधन |
| २४ | स्वास्थ्य | अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च | ४००००००।० | अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्च | ३२२००००।० | चालु आ व मा ठेक्काबाट बचेको रकम रु ७८००००।० बराबर अस्पताल सञ्चालन तथा व्यवस्थापन खर्चमा रकमान्तर गर्ने |
| | | | | जिल्लास्तरीय राष्ट्रपति रनिङ् शिल्ड व्यवस्थापन | ७८००००।० | नयाँ शीर्षक र रकमान्तर |

**निर्णय ६ :** गत आ. व. २०८०।०८१ को ठेक्का नं. KRM-NCB-W-4।2080।081 को पिप्ले देखि सेतिकम हुँदै नेटासम्म सडक स्तरोन्नतीको कार्य समयमै सम्पन्न नभएकोले यस चालु आ. व. मा क्रमागत योजना अन्तर्गत रहेको र उक्त योजनाको म्याद मिति २०८१।१०।१५ गतेसम्म थप भएकोमा पुन: अवधी समाप्त भएको मितिले एक महिना बराबर वा यस गाउँपालिकामा संचालन हुने जिल्लास्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड अगावै कार्यसम्पन्न गर्ने निर्देशन सहित २०८१।१०।१६ देखि २०८१।११।१५ गतेसम्म म्याद थप गर्ने ।

**निर्णय ७ :** जिल्ला हुलाक कार्यालयको मिति २०८१।०९।२४ को पत्र मार्फत यस गाउँपालिकामा स्थापित शाखा हुलाकको कार्यालयका लागि कोठा व्यवस्थापनका लागि माग भएकोले यस गाउँपालिका कार्यालयले एक कोठा व्यवस्थापन गर्ने ।

**निर्णय ८ :** सुस्वा परियोजना मार्फत आ. व. २०८२।०८३ को लागि खानेपानी तथा सरसफाई तथा सौचालय तर्फ सञ्चालनका लागि तपसिल बमोजिमका कार्यक्रमहरु सिफारिस सहित माग गर्ने ।

**खानेपानी तथा सरसफाई**

| प्राथमिकीकरण | खानेपानी योजनाको नाम | ठेगाना | अनुमानित लाभान्वित घर धुरी | कैफियत |
|---|---|---|---|---|
| १ | जुगेखोला हिले खानेपानी तथा सरसफाई योजना | कुमाख ७ | ४५ | लिफ्ट |
| २ | सिस्नेरी इख्रा रागेचौर खानेपानी तथा सरसफाई योजना | कुमाख ३ | २०० | पाइप लाइन |
| ३ | सेरिपाटा खानेपानी तथा सरसफाई योजना | कुमाख ३ | १०० | लिफ्ट |
| ४ | इख्रिकाल्ना देखि बाहुनपाखा खानेपानी तथा सरसफाई योजना | कुमाख १ | १५० | लिफ्ट |
| ५ | जम्मुखोला पोखरा बनगाउँ खानेपानी तथा सरसफाई योजना | कुमाख ४ | १२० | पाइप लाइन |
| ६ | रुमालगाउँ खानेपानी तथा सरसफाई योजना | कुमाख २ | २१० | पाइप लाइन |
| ७ | झारकाडा खानेपानी तथा सरसफाई योजना | कुमाख ५ | १५० | पाइप लाइन |
| ८ | बुद्द जनकल्याण खानेपानी तथा सरसफाई योजना | कुमाख ६ | १२० | लिफ्ट |
| ९ | रुक्से खानेपानी तथा सरसफाई योजना | कुमाख ७ | ५० | पाइप लाइन |

**शौचालय तर्फ**

| प्राथमिकीकरण | विद्यालयको नाम | ठेगाना | अनुमानित लाभान्वित विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जनता मा बि रागेचौर | कुमाख ३ | | |
| २ | महेन्द्र मा बि जिमाली | कुमाख ७ | | |
| ३ | बालजागृत आ बि बाहुनचौर | कुमाख ३ | | |
| ४ | जनता आ बि स्यानिजिमाली | कुमाख ७ | | |
| ५ | आदर्श आ बि बस्नेतजिउला | कुमाख ४ | | |
| ६ | कालिका आ वि सेरागाउँ | कुमाख ६ | | |
| ७ | नारायण मा वि रुमालगाउँ | कुमाख २ | | |
| ८ | आधारभुत विद्यालय नेटा | कुमाख ५ | | |

**निर्णय ९ :** कक्षा ८ को परीक्षा व्यवस्थापन तथा सञ्चालन समिति तपसिल बमोजिमका सदस्यहरु रहने गरी समिति गठन गर्ने ।

**तपसिल समिति**

१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक
२. विर बहादुर रावत (गणित विषय)- सदस्य
३. प्रेम बहादुर बुढाथोकी (अंग्रेजी विषय)- सदस्य
४. खिम बस्नेत (विज्ञान विषय)- सदस्य
५. टेकम कुमारी शर्मा (सामाजिक विषय)- सदस्य
६. दिवाकर शर्मा (नेपाली विषय)- सदस्य
७. शिक्षा शाखा प्रमुख– सदस्य सचिव

**निर्णय १० :** यस कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरु श्री मस्त बहादुर हमाल र श्री मनहर गिरीलाई कार्यालयको थप जिम्मेवारी भएकोले निजहरुको मासिक तलब बृद्धिको लागि आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

**निर्णय ११ :** मिति २०८१ माघ ०६ गते बसेको उद्यम विकास समितिका निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय १२:** यस गाउँपालिकाका सबै वडाहरुमा मोती बिन्दु लागायत आँखा सम्बन्धी समस्या भएका व्यक्तिहरुको लागि आवश्यक बजेट व्यवस्थापन आगामी कार्यपालिका तथा गाउँ सभाबाट गरी आँखा शिविर सञ्चालन स्वास्थ्य शाखा मार्फत गर्ने ।

**निर्णय १३:** चालु आ.व. २०८१/८२ को महिला, बालबालिका तथा समाज कल्याण उपशाखाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागुऔषध दुर्व्यसन नियन्त्रण, साईवर अपराध आत्महत्या न्युनीकरण तथा बाल विवाह सम्बन्धी विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागि इलाका प्रहरी कार्यालय रागेचौर सल्यानको मिति २०८१/१०/१४ गते पेस गरेको प्रस्ताव अनुसार सात वटै वडाका मा.वि. विद्यालयमा संचालन गर्ने उक्त कार्यक्रमको लागि विनियोजन भएको रु १५००००। (अक्षेरुपी एक लाख पचास हजार मात्र) बजेट कार्यक्रम संचालन गरे बापत नियमानुसार खर्च भएको बिलभरपाई बमोजिम इलाका प्रहरी कार्यालयलाई नै भुक्तानी दिने ।

**निर्णय १४:** चालु आ.व. २०८१।०८२ को लागि स्वीकृत कार्यक्रम (खर्च शीर्षक ३११५१) "शान्ति बजार मर्म खोलामा कलबाट पुल निर्माण" लाई Construction of marma khola foot cum small vehicle bridge, kumakh 1 & 4 jodne pul salyan शीर्षक कायम गरी क्रमागत योजनामा राखि बहुवर्षीय ठेक्का कायम हुने गरी बजेट सुनिश्चित गर्ने र हाललाई प्राविधिक लागत अनुमान अनुसार ठेक्का प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

**आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो ।**